नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

रेडियोग्राफर

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५को नियम ९ बमोजिम)

| कार्य विवरण | |
|---|---|
| १.पदः रेडियोग्राफर<br>२.सेवाः स्वास्थ्य<br>३.समूहःरेडियोग्राफी<br>४.तहः पाँचौ/छैठौ<br>५.तलब (मासिक): नेपाल सरकारले तोके वमोजिम<br>६. कामगर्नेसमयः नेपाल सरकारले तोके वमोजिम<br>७.कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्वर :<br>९. सुपरिवेक्षण गर्नुपर्नेः आफूले सम्पादन गर्नुपर्ने रेडियोग्राफी सम्वन्धी कार्य र सोमा संलग्न मातहतका चौथो तहका कर्मचारीहरु | १०.कार्यालयको<br>ठेगानाः.........................प्रदेश,<br>........................जिल्ला,................ स्थान,<br>................................ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल ..........<br>...........शाखा........... फाँट<br>१२.आवश्यक योग्यताः सम्बन्धित ऐन तथा नियमावलीमा उल्लेख भए वमोजिम।<br>१३.उत्तरदायित्वः बिभागिय प्रमुख तथा रेडियोग्राफी टेक्नोलोजिष्ट, अस्पताल प्रमुख । |

**सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व**

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधीनमा रही नेपाल स्वास्थ्य व्यवसायिक परिषद्ले तयार गरेको व्यावसायिक आचार संहिताको (कोड अफ ईथिक्स) पालना गर्दै नियमानुसार कार्यहरु गर्ने।

**सेवा प्रबाहसंग सम्बन्धी**

- विरामीको परिचयात्मक विवरण नाम, उमेर, लिङ्ग तथा ठेगानाको आधारमा सही पहिचान गर्ने।
- एक्स रे गर्दा विशेष गरी बच्चा बृद्ध उमेरका तथा गभबती समेत सबै विरामीहरुको सही तरिका अपनाई सोही अनुसार उचित व्यवस्था गर्ने।
- शाखामा आएका विरामीहरुको छिटो छरितो रेडियोलोजी सेवा प्रदान गरी जति सक्दो छिटो प्रतिवेदन दिने व्यवस्था मिलाउने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- २४ सै घण्टा रेडियोलोजी सेवा प्रदान गर्नेगरी उपकरण तथा अत्यावश्यक सामानहरु चुस्त अवस्थामा राख्ने र मातहतको शाखाको न्युनतम मापदण्ड पुरा गर्ने
- आफू तथा आफ्नो मातहतका कर्मचारीहरुको कार्यतालिका तयार गर्ने।
- एक्स–रे विकिरणबाट बच्न तथा एक्सरे विकिरणको अनुगमन गर्नका लागि आवश्यक पूर्वाधारहरुको विश्लेषण गरी सम्बन्धित निकायमा कार्यबाहीको लागि पठाउने।
- विशेष प्रकारको एक्सरे गर्नुपरेमा सो गर्नुअघि निर्धारित मापदण्ड अनुसार आवश्यक ब्यवस्था गर्ने।
- विरामीको गोपनयता , सवेदनशीलता तथा आबशयक अन्य कारणहरु देखिएमा विरामी कुरुबालाई बिकिरणिय सुरक्षा व्यबस्था मिलाई कोठामा राखने व्यबस्था गर्ने।
- सेवालाई आबश्यक पर्ने समयमा अन्तर विभागीय समन्वय गर्ने व्यबस्था मिलाउने।
- पेशागत व्यावसायिकता र व्यवहार राम्रोसँग र बिरामी मैत्री अनुरुप गरि बिरामी र कुरुवालाई सेवाको संन्तुष्टि दिने ।

व्यवस्थापकीयसंग सम्बन्धी

१) योजनातर्जूमा

- रेडियोलोजी सेवालाई थप व्यवस्थित बनाउन बर्षभरी गरिएका कामको समीक्षा गरी भविष्यमा विभागलाई गुणस्तरीय बनाउन रेडियोग्राफी प्रमुख विभागीय प्रमुखको राय सल्लाहमा भावी कार्यक्रम तथा आपूर्ति योजनाहरुको तयार गर्ने।
- नियमित सेवा प्रदान गर्न आवश्यक सामानहरुको व्यबस्थापन गर्न योजना बनाउने र बनाउन सहयोग गर्ने ।

२) आपूर्ति तथा मर्मत संभार

- रेडियोलोजीसंग सम्बन्धित उपकरणहरुको मर्मतसंभारको लागि बायोमेडिकल,रेडियोग्राफी प्रमुख,तथा कार्यालय प्रमुखलाई जानकारी गराई आदेशअनुसार सम्बन्धित निकाय मर्मत संभार गरि सर्भिसिङ्गको ब्यवस्था मिलाउने।
- विभागमा आवश्यक पर्ने रेडियोलोजी उपकरणका वा अन्य आवश्यक सामाग्रीको अभाव देखिएमा रेडियोग्राफी प्रमुख तथा विभागीय प्रमुखको राय लिई थपसामाग्री झिकाउन कार्यालय प्रमुखलाई सूचित गर्ने।

३) निरन्तर व्यवसायिक विकास तालिम

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- आफ्नोकार्य क्षेत्रसंग सम्बन्धित विषयमा आवश्यकताको आधारमा कर्मचारीहरुको ज्ञान र सिपवृद्धि गर्न सम्बन्धित निकाय मार्फत नियमित तालिमको व्यवस्था गर्ने।

४) आकस्मिक व्यवस्थापन

- आकस्मिक अवस्थाका लागि एक्सरे सम्बन्धी उपकरण तथा सामानहरुको उचित प्रबन्ध गर्ने।

५) अभिलेखराख्ने

- रेडियोलोजी सेवा लिन आउने बिरामीहरुको दैनिक विस्तृत अभिलेख राख्ने र सो अभिलेखको साप्ताहिक मासिक चौमासिक तथा बार्षिक तथ्यांक तयार गर्ने।
- एक्सरे फिल्म तथा सेवाको अभिलेख, आम्दानी खर्च दुरुस्त राख्ने यसको जानकारी नियमित रुपमा सम्बन्धित निकायमा दिने।

६) अनुगमन, सुपरीवेक्षण, मुल्यांकन

- रडियोलोजीसंग सम्बन्धित कार्यको सहायक तह सम्मका कर्मचारीहरुको कामको नियमित सुपरीवेक्षण गर्ने तथा कामलाई अझ व्यवस्थित वनाउन राय सल्लाहदिने।

७) स्वास्थ्यशिक्षारअन्यजानकारी

- एक्सरे सम्बन्धी ज्ञान नभएका विरामीहरुको एक्सरे गर्दा आवश्यक जानकारी दिने, विरामीको गोपनीयता तथा विरामी कुरुबाको सुरक्षाको लागि एक्सरे कोठामा अनावश्यक विरामी कुरुवा तथा कर्मचारी नराख्ने।
- विविध पोष्टर, सुचना तथा संचार माध्यमबाट एक्सरे सम्बन्धी र एक्सरे विकिरणबाट बच्ने उपाय सम्बन्धी जानकारी दिने ब्यवस्था गर्ने/गराउने।
- स्वास्थ्य शिक्षा कर्नरमा एक्सरे सम्बन्धी जानकारी मुलक सूचनाहरु राख्ने व्यबस्था मिलाउने।
- गरभबतीको एक्सरे गर्नु अघि विकिरणीय जोखीमको जानकारी गर्ने।

८) अन्य

- रेडियोलोजी बिभाग/शाखाको वरिपरी सरसफाई तथा कुरुवा डेस्क बनाउने ।
- विरामीलाई तथा कर्मचारीलाई विकिरणबाट बच्ने उपाय सम्बन्धि जानकारी दिने ब्यवस्था गर्ने गराउने।
- बिशेष किसिमको एक्सरे गर्नुअघिर गरी सकेपछि त्यसबाट हुनसक्ने प्रतिक्रियाव तथा उपचार बारेको जानकारी दिने।
- एक्सरे फिल्मभंण्डारणमा विशेष ध्यान दिने।